# नेपाली

# NEPALI

## CLASS X

अधिकतम अंकः 80

Maximum Marks: 80

## SECTION-A (Reading Comprehension)
## खण्ड – एक (पढाइ कौशलको बोध)

**1. निम्न परिच्छेद पढेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।**

हाम्रो देशको संस्कृति र परम्परा विश्वको सबै संस्कृतिहरू भन्दा प्राचीन छ। आज हामी पश्चिमी सभ्यताको रङ्गीचङ्गीमा भुलिएर आफ्नो महान संस्कृतिलाई बिर्सँदै गइरहेछौं। भगवानले हामीलाई हाम्रो महान् परम्परा र संस्कृतिलाई सुरक्षित राख्ने शक्ति दिउन्।यसको अर्थ यो होइन कि हामी आधुनिक विचारदेखि टाढा भाग्नुपर्छ। यदि यी विचारहरू भावी जीवन पद्धति अनुकूल छन् भने हामीले अवश्य ग्रहण गर्नुपर्छ। तर पश्चिमी हावालाई मात्र अनुकरण गर्नु चाँहि हुँदैन। यस्ता कुरालाई सोचेर बुझेर मात्र स्वीकार गर्नुपर्छ। यसो हुँदा देश उन्नत साथै आधुनिक पनि बन्दछ। देशवासीमा वैज्ञानिक दृष्टि उत्पन्न गरिनुपर्छ ताकि उनीहरू अज्ञानता र अन्धविश्वासको अन्धकारबाट निस्कन सकुन् औ देशको प्रगतिमा सहयोग दिउन्। आध्यत्मिक शक्ति साथ-साथै वैज्ञानिक तर्कशक्तिले देशलाई उन्नतिको शिखरमा पुऱ्याउन सक्तछ औ देशको छुट्टै चिन्हारी बन्दछ।

हाम्रा देशवासीमा साहस, प्रेम, दया, सेवा सहिष्णुता, निःस्वार्थता औ करूणाको भावना हुन जरूरी छ। सबै युवावर्गलाई समान रूपले शिक्षा औ रोजगारको अवसर प्राप्त होस। ठूलो-सानोको भेदभाव अनि जाति र धर्मको नाममा देशको विभाजन नहोस्। हाम्रो देश अतीतको जस्तै समृद्धशाली औ विकसित देश बनोस्। हाम्रो देश फेरि पनि 'सुनको चरा '-को नामले पुकारियोस्।

(क) हामीले कस्ता खालका आधुनिक पाश्चात्य विचारहरूलाई मात्र ग्रहण गर्नुपर्छ? 2

(ख) देशलाई उन्नतिको शिखरमा कसरी पुऱ्याउन सकिन्छ? 2

(ग) हाम्रा देशवासीमा किन वैज्ञानिक दृष्टिकोण उत्पन्न गराउन आवश्यक छ? 2

(घ) हामी के कारणले गर्दा आफ्नो संस्कृति र परम्परा भुल्दैछौं? 2

(ङ) हाम्रा देशवासीहरूमा कुन-कुन गुण हुन आवश्यक छ? 2

(च) विपरीतार्थक शब्द लेख्नुहोस् - अनुकूल, स्वीकार। 1

(छ) अर्थ लेख्नुहोस् - समृद्धशाली, साहस। 1

(ज) पर्यायवाची शब्द लेख्नुहोस् - प्रेम, भगवान। 1

(झ) "आज हामी पश्चिमी सभ्यताको रङ्गीचङ्गीमा भुलिएर आफ्नो महान संस्कृतिलाई बिर्सँदै गइरहेछौं।" यस वाक्यमा "पश्चिमी सभ्यता भनेर कहाँको सभ्यताको कुरा गरिएको हो? 2

www.careerindia.com

CAREERINDIA

## SECTION-B (Grammar and Translation)
## खण्ड – दुइ (व्याकरण एवं अनुवाद)

**2. निम्न लिखित सबै प्रश्नहरूका उत्तर लेख्नुहोस्।** **15**

(i) अधिकरण कारक र अपादान कारकका एक-एक वटा उदाहरण लेख्नुहोस्। 0.5x2=1

(ii) हरिले खायो वाक्यमा कर्ता कारक कुन हो? 1x1=1

(iii) वारिपारि, मुन्तिर कुन समासमा पर्छन्? 0.5x2=1

(iv) भिन्नार्थक शब्द लेख्नुहोस् 0.5x2=1

समान, सम्मान,

(v) पर्यायवाची शब्द लेख्नुहोस् 0.5x2=1

अमृत, आमा

(vi) विपरीतार्थक शब्द लेख्नुहोस्। 0.5x2=1

पुण्य, अवनति

(vii) निम्न वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्। 1x2=2

(क) तीन शहर घुमाउनु

(ख) कानमा तेल हाल्नु

(viii) अनेकार्थक शब्द लेख्नुहोस् 0.5x2=1

हार, पत्र

(ix) सार शब्द लेख्नुहोस्। 1x1=1

(क) अर्काको देशमा रहेको

(x) निर्देशानुसार वाक्य परिवर्तन गर्नुहोस् 1x2=2

(क) त्यो मान्छे लङ्गडो छ, तर छिट्टो हिँड्छ। (सरल वाक्यमा)

(ख) बेसी खट्नेले धेरै पैसा पाउँछ। (मिश्र वाक्यमा)

(xi) निर्देशानुसार वाक्यमा रूपान्तर गर्नुहोस्। 1x2=2

(क) खाना नमिठो छ। (करण वाक्यमा)

(ख) सीता गीत गाउँछे। (अकरण वाक्यमा)

(xii) अशुद्ध शब्दलाई शुद्ध गरेर लेख्नुहोस्। 0.5x2=1

पूस्तक, शीखर, अनूकरण, विद्यालय

www.careerindia.com

CAREERINDIA

## SECTION – C (Writing and Composition)
## खण्ड – तीन (लेखाई कौशल)

**3. (क) कुनै एक विषयमाथि २५० शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्।** **10x1=10**

(अ) नोटबन्दीका कारणले मानिसमा परेको प्रभाव।

**अथवा**

मानिसको जीवनमा योग साधनाको महत्व।

**(ख) पर्यावरण सचेतनाबारे जानकारी गराउँदै टाढामा रहेको साथीलाई एउटा पत्र लेख्नुहोस्।**

**10x1=10**

**(ग) नेपालीमा अनुवाद गर्नुहोस्।** **05**

The pigeon is a strong flier. It can fly long distances without stopping and the strongest thing about the pigeon is that it will always fly back home. You may take a pigeon across mountain and may take a pigeon across mountain and seas. But it will always fly back to home.

## SECTION – D (Literature)
## खण्ड – चार (गद्य एवं पद्य साहित्य)

**4. (क) दिइएका शब्दहरू चुनेर खाली ठाउँ भर्नुहोस्।** **0.5x4=2**

(अ) चामे धुमधुमती................बसेर तमाखु खान लागेको थियो। (पिढीमा/गुन्द्रीमा/सिंडीमा/सिकुवामा)

(आ) त्यसैले छोरो सीधा-सोझो भएर निस्कला भन्ने मलाई बढो ................ छ। (पीर/ चिन्ता /फिक्री/सुर्ता)

(इ) एकछिन् हराएर साहिँली न्यानो चोली ................. र मजेत्रोमा हँसिलो मुख भएर साहिँली होइन कि जस्तो भएर बुढाको आँखा अघि उभिन्छे।(साडी/गुन्यू/फरिया/चौबन्दी)

(ई) भानुराज र सुलोचनाको अन्तिम धोको ................... थियो। छोरा बुहारीको काखमा मर्ने/ एक्ला- एक्लै मर्ने/ एकार्काको काखमा मर्ने/ छोरा बुहारी बसेको ठाउँमा मर्ने)

**(ख) "के मेलो छ कान्छा "?**

(i) उक्त वाक्य कसले कसलाई भनेको हो? 1

(ii) उक्त वाक्य कुन पाठबाट लिइएको हो, लेखक को हुन्? 1

www.careerindia.com

(ग) 'विश्व साँघुरो भएर एउटा गाउँ जस्तै भएको छ', भनेर लेखकले के भन्न खोजेका हुन्? 1

(घ) 'आपद-विपद जहीं पनि छ, हो हुरीले विगाऱ्यो अब बनाइहाल्छौं -यस भनाइको आशय के हो? 1

(ङ) भाव विस्तार गर्नुहोस्- (संक्षेपमा)

'परिवर्तन प्रकृतिको नियम हो। समयसित हामी पनि परिवर्तन हुनुपर्छ।' 2

**5. (क) छोटो उत्तर दिनुहोस्।** **1X6=6**

(अ) छोरोलाई कवितामा कविले छोरोलाई कस्तो बन्न आह्वान गरेका छन्?

(आ) सत्य सन्देश कवितामा कविले के सन्देश दिन खोजेका छन्?

(इ) यात्री कवितामा कविले इश्वरलाई खुशी पार्न के गर्नुपर्छ भनेका छन्?

(ई) शहीदहरूको सम्झनामा कविताका कवि को हुन्?

(उ) इस् पढ्छु तेरो कवितामा कविले कसलाई व्यङ्ग्य हानेका छन्?

(ऊ) 'आकाशका तारा के तारा' कवितामा कविले चामे, रामे, हर्के, वीरेलाई के-का प्रतिक मानेका छन्?

**(ख) व्याख्या गर्नुहोस्।** **2**

"फर्क फर्क हे गइ समाउ
मानिसहरूको पाउ
मलम लगाउ आर्तहरूको
चहराइरहेको घाउ।"

**6. निम्न प्रश्नहरूका सही उत्तर दिनुहोस्।** **1x5=5**

(i) परिबन्द कथाकी पात्रा सेतीको पूरा नाम के हो?

(ii) ऐतेले महीनामा कति तलब पाउँथ्यो?

(iii) कथाकारको हवल्दारसँग पहिलो भेट कहाँ भएको थियो?

(iv) टोटलाको फूललाई के- सङ्ग तुलना गरिएको छ?

(v) "मानिसलाई राम्रो देखे त उसको शील, स्वभाव, चाल-चलन र चरित्र हो," उक्त वाक्य कसले कसलाई भनेको हो?

**7. निम्न प्रश्नहरूमध्ये कुनै चारवटाको उत्तर दिनुहोस्।** **1x4=4**

(क) शिवकुमार राईद्वारा लिखित कुनै दुइ कृतिहरूका नाम लेख्नुहोस्।

**अथवा**

इन्द्र सुन्दासद्वारा लिखित कुनै दुइ कृतिहरूका नाम लेख्नुहोस्।

(ख) डा. घनश्याम नेपालको जन्म कहाँ र कहिले भएको हो?

www.careerindia.com

**अथवा**

हरिभक्त कटुवालको जन्म कहाँ र कहिले भएको हो?

(ग) मनबहादुर मुखियाद्वारा लिखित कुनै दुइवटा नाटकको नाम लेख्नुहोस्।

**अथवा**

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित कुनै दुइवटा महाकाव्यको नाम लेख्नुहोस्।

(घ) तुलसी 'अपतन' द्वारा लिखित खण्डकाव्यको नाम लेख्नुहोस्।

**अथवा**

इन्द्रबहादुर राईद्वारा लिखित उपन्यासको नाम लेख्नुहोस्।

www.careerindia.com